सर्वोच्च अदालत
काठमाडौं

श्री सर्वोच्च अदालतमा पेश गरेको

**लिखित जवाफ**

**बिषय: विपक्षीको गैर कानूनी रिट निबेदन खारेज गरी पाँऊ**

**मार्फत: मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेश ।**

माननीय मुख्य मन्त्री उद्धव थापा, मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय ,कोशी प्रदेश, विराटनगर.............................................................................................१ — पक्ष /लिखित जवाफ प्रस्तुत कर्ता

**विरुद्ध**

कोशी प्रदेश , ने.क.पा एमाले , प्रदेश संसदीयदलको नेता झापा जिल्ला गौरादह न.पा वडा नं. ३ बस्ने बर्ष ५८ को हिक्मत कुमार कार्की .............................................................१ — विपक्षी/ रिट निवेदक

**मुद्दा: उत्प्रेषणयुक्त परमादेश समेत (मुद्दा न: 079-WO-1494)**

उपरोक्त विपक्षी भएको उपरोक्त मुद्दामा सम्मानीत सर्वोच्च अदालतबाट मेरो नाउँमा जारी भएको म्याद मिति २०८० /3/25मा तामेल भएकाले मिति २०८०/३/२७ गते आदेश हुदा मिती २०८०/४/३ गते सम्म लिखीत जवाफ पेश गर्नु भन्ने आदेश भएकाले म्यादै भित्रै प्रस्तुत लिखित जवाफ लिई सम्मानित अदालत समक्ष उपस्थित भएको छु । मेरो लिखित जबाफ बमोजिम गरी विपक्षीको रिट निवेदन खारेज गरी पाँऊ ।

१. रिट निवेदकको मुख्य दावी: नेपालको संविधानको धारा १६८(२) बमोजिम कोशी प्रदेश सरकारको लागि प्रदेश सभाको ४७ मत आफूमा रहेकाले आफूलाई मुख्य मन्त्रिमा नियुक्तीको लागि विपक्षी नं २ ले दावी पेश गर्नु भएकोमा विपक्षी नं. २ ले पेश गरेको दावीमा विपक्षी नं. ३ माननीय बाबुराम गौतम सभामुख कोशी प्रदेशले उक्त दाविमा आफ्नो समर्थन रहेको छ भनि समर्थन गरेको हस्ताक्षर

मुख्यमन्त्री

मुख्यमन्त्री

सहितको दाविलाई स्वीकार गरी विपक्षी नं. २ लाई मुख्य मन्त्रीमा नियुक्त गर्ने निर्णय भएकोले उक्त दावी पेश गर्ने कार्यले म निवेदकको नेपालको संविधानको धारा १६(१) तथा १६८(३) बमोजिम हक अधिकारमा आघात पुगेकाले मिति २०८०/३/१७ का दिन नेपालको संविधानको धारा १६८(२) बमोजिम सरकार गठनको लागि भनि मिति २०८०/३/२१ गते बेलुका ५ बजे सम्म दावी पेश गर्न प्रदेश सभामा प्रतिनिधित्व गर्ने २ वा २ भन्दा बढि राजनैतिक दललाई आह्वान गरिएकोमा मिति २०८०/३/२१ गते संविधानको धारा १८६(२) को विपरित हुने गरी विपक्षी नं २ लाई मुख्य मन्त्रीमा नियुक्त गर्ने निर्णय उत्प्रेषणको आदेशले गरी निवेदकलाई प्रदेश सभाको सबैभन्दा ठुलो दलको संसदिय दलको नेतालाई सरकारको नेतृत्व गर्ने अवसर दिनु दिलाउनु भनि विपक्षीको नाँउमा परमादेश समेत जारी गरी पाँउ भन्ने रिट निवेदकको मुख्य दाबी।

२. विपक्षिको रिट निवेदन हचुवा , गैरकानुनी , गैर संवैधानिक एंवम हचुवाको भरमा प्रदेश सभालाई अनिर्णयको बन्दी बनाउने दुषित एंव दुरासय युक्त भावानाले दायर भएकोले विपक्षिको रिट निवेदन खारेज गरी पाउन निम्नानुसार लिखत जवाफ पेश गर्दछु ।

क) प्रदेश सभा सदस्य निर्वाचन ऐन ,२०७४ अनुसार प्रदेश सभा सदस्यको उम्मेदवार हुन पार्टीमा मनोनयन पत्र आवश्यक पर्छ। पार्टीले जारी गरेको घोषणा पत्रको आधारमा पार्टीबाट टिकट प्राप्त गरी पार्टीको नामबाट मत प्राप्त गरेको हुन्छ।संविधान बमोजिम दलबाट निर्वाचित सदस्य प्रदेश सभाको सदस्य हुने हो। दलिय व्यवस्थाको सबै भन्दा सौन्दर्य रहेको सुन्दर पक्ष भनेको नै त्यही हो। प्रदेश सभाको सदस्य क्षेत्रधिकार अविशिष्ट प्रकृतिको छ। संसद भित्रको जुनसुकै पदको जिम्मेवारी लिएपनि संसद पद संविधानले तोके बमोजिम जिम्मेवारी जनताप्रती जवाफदेहि हुने पद हो।

ख) नेपालको संविधानको धारा १६८ मा रहेको विशिष्ट व्यवस्था हो । प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्नु अघि नै मुख्य मन्त्रीको दाबि प्रस्तुतकर्ताले नियुक्ति गर्नु पर्ने आधार प्रस्तुत गर्नु पर्दछ । त्यसरी प्रस्तुत गर्दा जुन दलले समर्थन गरेको र दलको प्रदेश सभा सदस्यको संख्या अनुसार प्रस्तुत गरेकोलाई अन्यथा भन्न मिल्दैन । प्रदेश प्रमुखले विश्वासको मत परिक्षण गर्ने होईन विश्वासको मत प्राप्त गर्न सक्ने आधार हेर्ने हो ।विश्वासको मतको लागि नेपाली कांग्रेस प्रदेश सभा सदस्य २९, नं .क.पा (माओबादि )१२, ने.क.पा एकिकृत समाजबादि -४ , र जनता समाजवादि पार्टी -१ र मा. बाबुराम गौतम समेत जम्मा ४७ जनाको बहुमत सहीतको आधार पेश गरेको व्यवस्था संविधानको धारा १६८(२) वमोजिमको व्यबस्था हो। यसलाई अन्यथा भन्न मिल्दैन ।

ग) संविधानको धारा १६८(४) बमोजिम विश्वासको मत लिनु constitutional obligation र constitutional morality हो । धारा १६८(२) बमोजिम प्रदेश प्रमुखले मुख्य मन्त्रीमा नियुक्ति गर्नु भएको हो।प्रदेश प्रमुखले निर्णय गर्दा लिएको आधार संविधान र कानुन संगत छन । म विस्वासको मत लिन सक्षम छु

मुख्यमन्त्री

भन्नेले सोको आधार पेश गर्न सक्नुपर्छ विश्वासको मत पाउने आधार छ भने प्रदेश प्रमुखलाई लागेमा नियुक्ति गर्न र नलागेको नियुक्ति नगर्ने हो । प्रदेश प्रमुख समक्ष निवेदन परेपछि र नियुक्ति भएपछि संविधानको धारा १६८(४) बमोजिम ३० दिन भित्र विस्वासको मत लिन पर्ने बाध्यता भएकोले सो बमोजिम हुने नै हुदा रिट निवेदन खारेज गरि पाँउ।

घ) नेपालको संविधानको धारा ५० मा लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने भनि राज्यको निर्देशक सिद्धान्त तोकिएको छ । धारा ५६(६) मा संघ , प्रदेश र स्थानिय तहले नेपालको स्वतन्त्र , भौगोलिक अखण्डता , स्वाधिनता , राष्ट्रिय हित , सर्वांगिण विकास , बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघिय शासन प्रणाली , मानव अधिकार तथा मौलिक हक , कानुनी राज्य , शक्ति पृथकीकरण त नियन्त्रण तथा सन्तुलन , बहुलता र समानतामा आधारित समतामूलक समाज , समाजवेशी प्रतिनिधीत्व र पहिचानको संरक्षण गर्ने छन् भनि उल्लेख भएको छ । धारा ७४ मा नेपालको शासकीय स्वरुप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघिय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली हुनेछ भनि उल्लेख छ । उल्लेखीत प्रावधानहरुमा जनताबाट अन्मोदीत प्रतिनिधिबाट राज्यको शासन व्यवस्था संचालन हुनु पर्ने र शासन व्यवस्थामा संविधानवादका मुल्य , मान्यता र आदर्शको अनुसरण गरिने अभिप्राय अन्तरनिहित देखिएकोले जनप्रतिनिधिको भुमिका अझ बलियो भएको स्पष्ट छ ।

ङ) कोशी प्रदेश सरकार गठन भई पुर्णता प्राप्त गरि सकेको अवस्था छैन । कोशी प्रदेश सभाका प्रतिनिधित्व गर्ने चार राजनितीक दलको समर्थनमा कोशी प्रदेश सरकारका मुख्य मन्त्रिको पद संविधानको धारा १६८(२)वमोजिम प्रदेश प्रमुखद्धारा नियुक्त मिति २०८० साल असार २१ गते विहिवार माननिय उद्धव थापालाई मुख्य मन्त्रिमा नियुक्त गर्नु भएको अवस्था सम्म हो । प्रदेश सभाका प्रतिनिधीत्व गर्ने दुई वा दुई भन्दा वढि राजनितक दलहरुको समर्थन आवश्यक पर्नेमा चार दलको समर्थन रहेको अवस्था हुदा मुख्य मन्त्रिको रुपमा नियुक्त भएको अवस्था हो । नेपालको संविधानको धारा १६८(४) बमोजिम मुख्य मन्त्रिले ३० दिन भित्र (२०८० साल श्रावण २० गते सम्ममा ) विश्वासको मत दिनु पर्ने संवैधानिक व्यवस्था छ । यसरी नेपालको संविधानको धारा १६८(२) वमोजिम नियुक्त हुनुभएको मुख्य मन्त्रिको धारा १६८(४) बमोजिम "विश्वासको मत " दिने समयवधी छदा छदैको अवस्थामा गैर संवैधानिक रुपमा रिट क्षेत्रबाट प्रवेश गर्ने मिल्दैन ।

च) प्रदेश मन्त्रिपरिषदको गठन प्रदेश सभाका सदस्यहरु मध्येबाट हुन्छ ।कोशी प्रदेशको सभामुख पद कुनै राजनितिक दलबाट टिकट प्राप्त गरी उमेद्वार भई , प्रदेश सभा सदस्यमा निर्वाचित भएको पद हो ।सभामुख पदमा रहदा संविधान बमोजिम कार्य सम्पादन गर्दा कुनै पनि राजनितिक दलको पक्ष वा विपक्षमा नरही तथस्ट व्यक्तिको रुपमा रहनु सम्म हो । विपक्षी रिट निवेदकको नेपालको संविधानको

मुख्यमन्त्री

भाग ३ द्वारा प्रद्दत्त मौलिक हकको के-कुन तवरबाट हक हनन् हुन पुगेको हो भन्ने कुरा रिट निवेदनमा कहि कतै उल्लेख हुन सकेको अवस्था पनि देखिदैन । राजनितीक विषय बस्तु एंव राजनैतिक प्रश्नहरु (political questions) निराकरण गर्नका लागी रिट क्षेत्रमा प्रवेश गर्नु रिटको सिद्दान्तको विपरित हो ।

छ) विपक्षी/ रिट निवेदक हिक्मत कुमार कार्कि (निबर्तमान मुख्य मन्त्रिले) कोशी प्रदेश सभामा २०८०/३/१५ गते "विश्वासको मत" नपाए पछि प्रदेश प्रमुख माननिय पर्शुराम खापुङ्गले नेपालको संविधाको धारा १६८(२) बमोजिम दुई वा दुई भन्दा बढि दलको समर्थनमा पाँच दिनको समयाबधि दिएर (२०८०/३/१७ गते बाट ५ दिन अर्थात असार २१ गते सम्म) सरकार गठनको लागि आह्वान भए बमोजिम चार राजनितिक दलको ४६ जना र मा. बाबुराम गौतम समेत गरी ४७ जनाको सरकार गठनको दाबि परेको . अवस्था हो । चार राजनितीक दलहरुमा नेपाली कांग्रेसका २९ जना , ने.क.पा माओबादी केन्द्रका १२ जना नेकपा एकिकृत समाजवादिका ४ जना र जनता समाजबादि नेपालका १ जना गरि ४६ जना गरी प्रदेश सभा सदस्यको समर्थन रहेको र मा. बाबुराम गौतमको कुनै पनि राजनितिक दलसङ्ग आबद्ध नरही एकल रुपमा छुटै समर्थन रहेको अवस्थालाई संवैधानिक व्यवस्था विपरित भन्न कुनै हालतमा मिल्दैन ।

ज) कोशी प्रदेश सभाको कुल सदस्य संख्या ९३ जना रहेको छ र यसको बनोट ९२ जना प्रदेश सभा माननीय सदस्य र १ जना प्रदेश सभा सभामुख बाट भएको हो। कोशी प्रदेशको सभामुख मा.बाबुराम गौतम कोशी प्रदेश सभा निर्वाचनबाट निर्वाचित भएका माननीय प्रदेश सभा सदस्य हुन र मा.बाबुराम गौतम कोशी प्रदेश सभाको सभामुख भएको हुनाले निजको प्रदेश सभा सदस्य पद खारेज हुने पनि होईन। त्यसैगरी नेपालको संविधानको धारा १८२ मा प्रदेश सभाका सदस्यहरुले आफु मध्येबाट प्रदेश सभामुखको निर्वाचन गर्ने छन् भनि उल्लेख भएको छ यसको अर्थ प्रदेश सभामुख पनि प्रदेश सदस्य हो भन्ने स्पष्ट रहेको छ। साथै, मा. बाबुराम गौतम सर्व प्रथम जन प्रतिनिधि हुन र निजको केही उत्तरदायित्व समेत हुने गर्दछ जस अन्तर्गत प्रदेश सभामा वैक्लपिक सरकार गठन गर्न असहज परिस्थितिको उत्पन्न भएको खण्डमा सहजिकरण गर्नु समेत हो। यस सन्दर्भमा मा. बाबुराम गौतमले, प्रदेश सभाको सदस्यको हैसियतले मा. उद्धव थापालाई समर्थन गरी मुख्य मन्त्रीमा दावी गर्नुलाई अन्यथा भन्न मिल्दैन।

झ) नेपालको संविधान राजनैतिक र कानुनी विषय मिस्रित एकिकृत दस्तावेज हो। संविधानलाई अभ्यास गर्दै कार्यान्वयनको दिशामा लाने मुख्य दायित्व राजनितिक अङ्ग एवम् राजनितिक भुमिका निर्वाह गर्ने व्यक्तिहरुको हुन्छ। मुख्य मन्त्री चयन गर्नु र सरकार गठन गर्नु एक राजनैतिक कार्य हो। यस्तो राजनैतिक कार्यमा राजनितिक दलहरुले सरकार गठन गर्न संविधानले प्रदान गरेको विकल्प अनुसार संवैधानिक व्यवहार बमोजिम प्रयत्न गर्नुलाई संविधानको उल्लङ्घन गरेको ठहर गर्न मिल्दैन। राजनैतिक

मुख्यमन्त्री

मुख्यमन्त्री

दलहरुले सरकार गठनलाई एउटा राजनितिक प्रक्रियामा लिएर जाँदा संविधानमा समाविष्ट भएको राजनितिक प्रावधानहरुलाई अभ्यासमा गरिरहेको हुँदा त्यस अभ्यासले संविधानको कुनै अमुक प्रावधानको घोर उल्लङ्घन नभए सम्म असामायिक (Premature) अवस्थामानै न्यायिक हस्तक्षेप गर्नु संविधान अनुरुप हुन सक्दैन।

ञ) यस मुद्दामा समेत नेकपा (एमाले) कोशी प्रदेश संसदिय दलका नेता मा. हिक्मत कुमार कार्कीको पुर्व वर्ति सरकारले कोशी प्रदेश सभामा ४६ जना प्रदेश सभा सदस्यहरुको मात्र समर्थन भई बहुमत प्राप्त गर्न नसके पश्चात वैक्लपिक सरकार गठनको निमित्त नेपाली कांग्रेस कोशी प्रदेश संसदिय दलका २९ जना सदस्य, नेकपा माओवादी केन्द्र कोशी प्रदेश संसदिय दलका १२ जना सदस्य, नेकपा एकिकृत समाजवादी कोशी प्रदेश संसदिय दलका ४ जना सदस्य, जनता समाजवादी पार्टी, नेपाल कोशी प्रदेश संसदिय दलका १ जना गरी ४६ जना र मा. बाबुराम गौतम, प्रदेश सभा सदस्य समेत गरी जम्मा ४७ जना कोशी प्रदेश सभा सदस्य समर्थनमा मा.उद्धव थापाले मुख्य मन्त्री पदमा दावी गरेका हुन।सो दावीमा प्रदेश सभा सदस्यको हेसियतले मा.बाबुराम गौतमले म उद्धव थापालाई मुख्य मन्त्री नियुक्त गर्न गरिएको दावीमा समर्थन गर्ने कार्य गैर संवैधानिक हुदैन। किनकी, प्रथमतः मा. बाबुराम गौतमले प्रदान गरेको समर्थन प्रदेश सभाको अध्यक्षता गर्ने क्रममा गरिएको होईन।दोस्रो मा. बाबुराम गौतम जनप्रतिनिधिको रुपमा संसद पदमा रहेको हुनाले आफ्नो निर्वाचन क्षेत्रलाई प्रतिनिधित्व गर्दै सरकार निर्माणको प्रक्रियामा सामेल हुन सक्दछन।तेस्रो प्रदेश सभा को अध्यक्षता ग्रहण नगरिरहेको समयमा प्रदेश सभा सदस्य मा. बाबुराम गौतमले सरकार निर्माण गर्नको निमित्त प्रदान गरेका समर्थन गर्ने कार्यलाई निजले प्रदेश सभा सभामुखको हैसियतले निभाउनु पर्ने निष्पक्षता विपरितको कार्य गरेको भन्न मिल्दैन।चौथो प्रदेश सभाका सभामुखले प्रदेश सभाको अध्यक्षता नगरेको अवस्थमा प्रदेश सभाले गर्नु पर्ने कार्यमा उत्पन्न हुन सक्ने कुनै पनि बहस वा छलफल भाग लिने वा आफ्नो दृष्टिकोणयुक्त कर्तव्य पुरा गर्न सक्दछन्।

ट) मा. बाबुराम गौतम सहित प्रदेश सभाका ४ राजनैनिक दलले नेपालको संविधानको धारा १६८ (२) बमोजिम बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभाको सदस्य को रुपमा लिई मिति २०८०।३।२१ गते मा. उद्धव थापालाई मुख्य मन्त्रीको रुपमा नियुक्त प्रक्रियाको प्रारम्भ मात्र गरेका हुन र मा. उद्धव थापाले मुख्य मन्त्रीको रुपमा विश्वासको प्राप्त गर्न सक्छन् वा सक्दैन भन्ने तथ्यको परिक्षण मा. उद्धव थापाले नेपालको संविधानको धारा १६८(४) बमोजिम विश्वासको मत लिए पश्चात मात्र निर्क्योल हुन्छ।यसरी नेपालको संविधानको धारा १६८ (२) बमोजिम नियुक्त भएको मुख्यमन्त्रीले धारा १६८(४) बमोजिम

मुख्यमन्त्री

CamScanner

विश्वासको मत प्राप्त गर्नलाई प्रदेश सभामा परिक्षण हुनु पुर्व नै मा. उद्धव थापालाई मुख्य मन्त्री नियुक्त गर्ने कार्य कानुन विपरित छ भनि दायर भएको रिट खारेज भागि छ।

ठ) यस विवादमा मा. उद्धव थापालाई नेपालको संविधानको धारा १६८ (२) बमोजिम बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभाको सदस्य को रुपमा मुख्य मन्त्री नियुक्त गरे पश्चात मा. उद्धव थापालाई प्रदेश सभामा बहुमत प्राप्त छ वा छैन भन्ने तथ्यको परिक्षण नेपालको संविधानको धारा १६८ (४) बमोजिम विश्वास मत प्राप्त गरे पछि पश्चात मात्र एकिन गर्न सकिन्छ। यसरी नेपालको संविधानको प्रावधानलाई हेर्दा मा. उद्धव थापालाई प्रदेश सभामा बहुमत प्राप्त छ वा छैन भन्ने परिक्षण गर्ने अधिकार प्रदेश सभाको हो। त्यसैगरी सम्मानित सर्वोच्च अदालतको संवैधानिक ईजलासले दोस्रो प्रतिनिधि सभा विघटन सम्बन्धी मुद्दामा (०७७-WC-००७१) "प्रतिनिधि सभमा कुनै सदस्यले प्रधानमन्त्री पदमा नियुक्तिको लागि प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने वा नसक्ने के हो भन्ने कुराको निरुपण गर्ने आधिकारिक निकाय भनेको स्वयम् प्रतिविधि सभा नै हो। प्रतिनिधि सभा बाहेक भन्य कुनै निकाय वा पदाधिकरीबाट विश्वास रहेको वा नरहेको प्रश्नको अन्तिम निरुपण गर्न मिल्दैन।" भनि नजिर समेत प्रतिपादन गरेको छ। तर्सथ, प्रदेश सभामा बहुमत रहेको वा नरहेको भन्ने परिक्षण गर्नु पुर्व नै प्रदेश सभाको अधिकारलाई कुन्ठित गर्ने गरी सम्मानित सर्वोच्च अदालतले यस विषयमा न्यायिक हस्तक्षेप गर्न मिल्दैन।

ड) त्यसैगरी सम्मानित सर्वोच्च अदालतले अधिवक्ता रवि राज भण्डारी वि. सम्मानित प्रधानमन्त्री श्री मनमोहन अधिकारी समेत एवम् दोस्रो प्रतिनिधि सभा विघटन सम्बन्धी मुद्दामा (०७७-WC-००७१) को मुद्दाहरुमा संसदिय प्रणालीको स्थापित परम्परा अनुसार सरकार गठनको एक पछि अर्को विकल्पको खोजी हुनु पर्ने भन्ने सिद्धान्तलाई अङ्गीकार गरेको छ। यस सन्दर्भमा यस मुद्दामा समेत नेकपा (एमाले) कोशी प्रदेश संसदिय दलका नेता मा. हिक्मत कुमार कार्कीको पुर्व वर्ति सरकारले कोशी प्रदेश सभामा बहुमत प्राप्त गर्न नसके पश्चात वैकल्पिक सरकार गठनको निमित्त मा. उद्धव थापालाई नेपालको संविधानको धारा १६८(२) बमोजिम बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभा सदस्यको रुपमा मुख्य मन्त्रीको रुपमा नियुक्त गरिएको हो। यसरी प्रदेश सभाले एउटा सरकार विघटन भए पश्चात अर्को वैकल्पिक सरकार गठनको निमित्त गरेको प्रयासमा सम्मानित सर्वोच्च अदालत प्रवेश गर्न मिल्दैन अतः विपक्षीको रिट निवेदन खारेज गरी पाँऊ ।

ढ) तसर्थ विपक्षीको संवैधानिक एंवम् कानूनी हक हनन् नभएको स्थितिमा दाएर भएको प्रस्तुत निवेदन पत्र खारेज गरी पाँऊ ।

३. यो लिखित जवाफ सर्वोच्च अदालत नियमावलि, २०७४ को नियम ४६(३) बमोजिम रहेको छ।
४. लखित जवाफ बापत लाग्ने दस्तुर यसै साथ संलग्न छ ।

मुख्यमन्त्री

५. यो लिखत जवाफ प्रस्तुत गर्दा कानिन व्यवसायि मुकरर गरेको छैन। पछि मुकरर हुने कानुन व्यवसायीको बहस पैरवीलाई समेत लिखत जवाफको अभिन्न अङ्ग मानी प्रमाण लगाई पाउँ।

६. संलग्न कागजात:

क) नेपाली नागरीकताको प्रतिलिपी ।

ख) कोशी प्रदेश प्रमुखको कार्यालयको मिती २०८०/३/१७ को विज्ञप्तिको प्रतिलिपी ।

ग) कोशी प्रदेश प्रमुखको कार्यालयको मिती २०८०/३/२१ को विज्ञप्तिको प्रतिलिपी ।

घ) सरकार गठनको लागि कोशी प्रदेश प्रमुखको कार्यालयमा पेश गरिएकप दाबीको प्रतिलिपी ।

७. यो लिखत जवाफ पत्रमा लेखिएको व्यहोरा ठिक साँचो हो। झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउला।

लिखितजवाफ प्रस्तुत कर्ता

माननीय उद्धव थापा

मुख्य मन्त्री, कोशी प्रदेश ।

ईति संवत् २०८० साल साउन महिना ३ गते रोज ४ शुभम्....................................... ।

श्री सर्वोच्च अदालत रामशाहपथ काठमाण्डौमा प्रस्तुत गरिएको

लिखित जवाफ

मार्फतः श्री मुख्य न्यायाधिवक्ताको कार्यालय, विराटनगर

विषयः- रिट निवेदन खारेज गरी पाउँ ।

रिट नं. ०६९-WO-१४५४

बाबुराम गौतम, सभामुख, कोशी प्रदेश सभा सचिवालय..........................................................१ } लिखित जवाफ प्रस्तुत कर्ता

विरुद्ध

हिक्मत कुमार कार्की..........................................................१ विपक्षी रिट निवेदक

मुद्दा - उत्प्रेषण, परमादेश प्रतिषेध समेत ।

उल्लेखित विपक्षीसँगको प्रस्तुत मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट जारी भएको म्याद, आदेश सहितको निवेदनको नक्कल मिति २०८०।०३।२९ गते तामेल भएकोमा म्यादभित्रै लिखित जवाफ प्रस्तुत गरिएको व्यहोरा अनुरोध छ:-

१. निवेदन सम्बन्धि तथ्य सक्कल मिसिलसाथ संलग्न रहेकाले यहाँ पुनरावृति गरिएको छैन ।
२. विपक्षी बनाइएका अन्य निकाय र व्यक्तिहरुले छुट्टाछुट्टै रुपमा लिखित जवाफ पेश गर्ने नै भएकोले यहाँ सभामुख कोशी प्रदेश प्रदेश सभा सचिवालयको हकमा मात्र जिकिर लिइएको छ।
३. म लिखित जवाफ प्रस्तुतकर्ता बाबुराम गौतम २०७९ सालमा सम्पन्न भएको प्रदेश सभा सदस्य निर्वाचनमा नेकपा (माओवादी केन्द्र) को तर्फबाट ओखलढुंगा जिल्ला प्रदेश सभा क्षेत्र नं २ मा उम्देदवार भई तत्कालिन १ नं. प्रदेशको प्रदेश सभा सदस्य पदमा निर्वाचित भएको हुँ। मिति २०७९।०९।२८ मा तत्कालिन १ नं. प्रदेश सभाको सभामुखमा निर्वाचित भईसकेपछी मैले

आफू आवद्ध रहेको दलको आवद्धतासग अलग भइ प्रदश सभामा सभामुखले निर्वाह गर्नुपर्ने भूमिका निष्पक्ष र तटस्थ रुपले निर्वाह गर्दै आईरहेको छु।

४. कोशी प्रदेश सभामा मिति २०८०।०३।१५ मा तत्कालिन मुख्य मन्त्री हिक्मत कुमार कार्कीले विश्वासको मत लिने क्रममा ९३ जना सदस्य रहेको प्रदेश सभामा ४६ मत मात्र प्राप्त गरी विश्वासको मत प्राप्त हुन नसकेको अवस्थामा नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम सरकार गठनकोलागी मिति २०८०।०३।१७ मा कोशी प्रदेशको प्रदेश प्रमुखको कार्यालयबाट मिति २०८०।०३।२१ गते बेलुकी ५ बजेसम्ममा दावी पेश गर्न सूचना आव्हान भएकोमा कोशी प्रदेश सभामा दलहरुको उपस्थितिको आधारमा सरकार गठन हुन नसक्ने परिस्थिति उत्पन्न हुन लागेको अवस्थामा नेपालको संविधानले प्रदेश सभाको सभामुखले सरकार गठनको प्रक्रियामा सहभागी हुन रोक लगाउने संवैधानिक व्यवस्था गरेको नदेखिएको अवस्थामा सरकार गठनकोलागी प्रदेश सभा सदस्यको हैसियतले असल नियतले कुनै आग्रह पुर्वाग्रह नराखी सरकार गठनमा सहयोग गरेको हो। यसरी प्रदेश सभामा रहेको प्रदेश सभा सदस्यहरुले सरकार गठन गर्न नसक्ने अवस्था सिर्जना नहोस् भनेर असल नियतले सरकार गठनमा सहयोग गरेको हुँदा निवेदकको निवेदन माग बमोजिमको आदेश जारी हुनु पर्ने होईन। निवेदकको कुनै कानुनी, संवैधानिक हक अधिकार हनन् नगरिएकोले प्रस्तुत रिट निवेदन खारेज भागी छ । प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ ।.।

५. प्रस्तुत मुद्दाको सुनुवाईको क्रममा उपस्थित हुने विद्वान् मुख्य न्यायधिवक्ता वा सरकारी वकीलको बहस जीकीरलाई समेत यसै लिखित जवाफको अभिन्न अंग मानी पाउँ ।

<u>संलग्न कागजातहरु</u>

१. सम्मानित अदालतबाट जारी भएको म्याद पाना- १

.......................

बाबुराम गौतम

सभामुख

कोशी प्रदेश सभा सचिवालय

लिखित जवाफ प्रस्तुत कर्ता

ईति सम्बत् २०८० साल श्रावण १ गते रोज २ शुभम्.............................. ।

CamScanner

श्री सर्वोच्च अदालतमा चढाएको

लिखित जवाफ

रिट नं.: ०७९-WO-१४९४

मार्फतः महान्यायाधिवक्ताको कार्यालय, रामशाह पथ, काठमाडौं ।

| | |
|---|---|
| परशुराम खापुङ्ग, प्रदेश प्रमुखको कार्यालय, कोशी प्रदेश विराटनगर समेत..........................................१ | लिखित जवाफ प्रस्तुतकर्ता |

विरुद्ध

| | |
|---|---|
| कोशी प्रदेश, ने.क.पा.(एमाले) प्रदेश संसदीय दलका नेता जिल्ला झापा गौरादह नं.पा. वडा नं.३ बस्ने वर्ष ५८ का हिक्मत कुमार कार्कीको वारेश का.जि.का.म.ना. वडा नं. २९ बस्ने वर्ष ३१ का पवन कुमार निरौला..............................................१ | रिट निवेदक |

विषय : उत्प्रेषण, परमादेश।

उपर्युक्त रिट निवेदकले मलाई समेत विपक्षी बनाई सम्मानित सर्वोच्च अदालत समक्ष दायर गर्नु भएको रिट नं. ०७९-WO-१४९४ उत्प्रेषण, परमादेश समेतको रिट निवेदनको सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०८०/०३/२७ को आदेश सहित मिति २०८०/०४/०३ गतेभित्र लिखित जवाफ पेश गर्न जारी भएको सूचना मिति २०८०/०३/२७ को सूचनाको म्याद मिति २०८०/०३/२९ मा प्रदेश प्रमुखको कार्यालय, विराटनगरमा तामेल भएकोले सो आदेशमा

परशुराम खापुङ्ग
प्रदेश प्रमुख

परशुराम खापुङ
प्रदेश प्रमुख

उल्लिखित म्यादभित्रै महान्यायाधिवक्ताको कार्यालयमार्फत सम्मानित अदालत समक्ष यो लिखित जवाफ प्रस्तुत गरिएको व्यहोरा सादर अनुरोध गर्दछु ।

१. रिट निवेदनको व्यहोरा रिट निवेदनबाटै अवगत हुने हुँदा यस लिखित जवाफमा पूनरावृति गरिएको छैन।

२.मिति २०८०/०३/१४ गते विश्वासको मत प्राप्त होस् भनी तत्कालिन मुख्यमन्त्री हिक्मतकुमार कार्कीले कोशी प्रदेश सभामा राखु भएको प्रस्तावमा मिति २०८०/०३/१५ गते सो प्रस्ताव सभामा निणयार्थ प्रस्तुत हुँदा आवश्यक बहुमत पुग्न नसकी विश्वासको मत गुमाएपछि मुख्यमन्त्री पद रिक्त हुन पुगेकोले मैले नेपालको महान्यायाधिवक्ताको राय समेतको आधार लिई नेपालको संविधानको भावना र मर्मलाई आत्मसाथ गर्दै कोशी प्रदेशमा नयाँ सरकार गठनको लागि नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम मिति २०८०/०३/१७ गते ५ दिनको समय सीमा राखी मिति २०८०/०३/२१ गते बिहिबार अपरान्ह ५ बजेसम्ममा कोशी प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभाका सदस्यलाई मुख्यमन्त्री पदमा नियुक्त गरी प्रदेश सरकार गठन गर्नको लागि दावी पेश गर्न आव्हान गरेको थिएँ। सो बमोजिम मिति २०८०/०३/२१ गते अपरान्ह ४ बजेर ५२ मिनेटमा कोशी प्रदेश सभाका माननीय सदस्य उद्धव थापाबाट सरकार गठनको लागी कोशी प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलहरू नेपाली काङ्ग्रेस, ने.क.पा.(माओवादी केन्द्र), ने.क.पा.(एकीकृत समाजवादी) र जनता समाजवादी पार्टी, नेपाल समेतको समर्थन सहित दावी पेश भएको थियो। प्रदेश सभाका सदस्य उद्धव थापाबाट दलहरूको समर्थन समेतको दावी पेश भएपछि नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेश सभा सदस्य उद्धव थापालाई सोही दिन मैले कोशी प्रदेश सरकारको मुख्य मन्त्रीमा नियुक्त गरेको हुँ।

३.मुख्यमन्त्री नियुक्ति विषयमा मैले संविधान बमोजिम कार्य गरेको हुँ। मैले आफूलाई नभएको अधिकारक्षेत्र ग्रहण गरी निर्णय गरेको अवस्था होईन, छैन। मेरो निर्णयले रिट निवेदकको कानूनी हक हितमा असर परेको अवस्था होईन। संविधान र कानूनले तोकेको विधि र प्रक्रिया पालना गरी गरिएको निर्णय हुनाले उक्त निर्णय उत्प्रेषणको आदेशले बदर हुने होईन। नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम सरकार गठनको लागी आव्हान हुँदा तोकिएको समय सीमाभित्र कोशी प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरू समेतको समर्थनमा प्रदेश सभाका सदस्य माननीय उद्धव थापाबाट मात्र दावी पेश भएकोले निजलाई कोशी प्रदेश सरकारको मुख्यमन्त्रीमा नियुक्त गरेको हुँ। अतः उल्लेखित आधार र कारणहरू उपर विचार गर्दा मलाई विपक्षी बनाई दायर गरेको रिट निवेदन स्वतः बदरभागी रहेकोले खारेज गरी पाउँ ।

परशुराम खापुङ
प्रदेश प्रमुख

CamScanner

परशुराम खापुङ्ग
प्रदेश प्रमुख

४.रिट निवेदनमा विपक्षी बनाईएका अन्य विपक्षीहरुको आआफ्नै तर्फबाट लिखित जवाफ हुने नै छ। साथै मेरो तर्फबाट महान्यायाधिवक्ताको कार्यालय मार्फत उपस्थित हुनु हुने सरकारी न्यायाधिवक्ताबाट प्रस्तुत हुने बहस, जिकिर, पैरवीलाई यसै लिखित जवाफको अभिन्न अंग मानी पाउँ।

५.संलग्न कागजातहरू:

(क) प्रदेश प्रमुखको कार्यालयको तीन मन्त्री सपथ र कार्यविभाजनको विज्ञप्ति प्रतिलिपी -पाना १

(ख) तीन मन्त्रीको शपथ ग्रहण पत्र प्रतिलिपी - पाना ३

(ग) तीन मन्त्रीको सपथ सम्बन्धी निर्णय र कार्यविभाजनको प्रतिलिपी -पाना १

(घ) तीन मन्त्री नियुक्ति र शपथग्रहणको लागी मु.म.तथा म.प.कार्यालयको सिफारिस पत्र- पाना १

(ङ) मुख्यमन्त्री तथा दुई मन्त्रीको सपथ र कार्यविभाजनको विज्ञप्ति प्रतिलिपी -पाना १

(च) मुख्यमन्त्री तथा दुई मन्त्रीको शपथ ग्रहण पत्रको प्रतिलिपी- पाना ३

(छ) दुई मन्त्री नियुक्ति र शपथ ग्रहणको लागी मु.म.तथा म.प.कार्यालयको सिफारिस पत्र- पाना १

(ज) प्रदेश प्रमुखको कार्यालयको मुख्यमन्त्री नियुक्ति सम्बन्धी विज्ञप्ति प्रतिलिपी - पाना १

(झ) मुख्यमन्त्री नियुक्तिको पत्र प्रतिलिपी - पाना १

(ञ) मुख्यमन्त्री नियुक्त गर्न गरिएको निर्णय प्रतिलिपी - पाना १

(ट) सरकार गठनको लागि दावी पेश पत्र प्रतिलिपी - पाना १

(ठ) सरकार गठनको लागी दावी पेश गर्न आव्हान गरिएको विज्ञप्ति प्रतिलिपी - पाना १

(ड) सरकार गठनको लागी दावी पेस गर्न आव्हान गरिएको निर्णय प्रतिलिपी - पाना १

(ढ) महान्यायाधिवक्ताको कार्यालयको रायको प्रतिलिपी -पाना २

(ण) महान्यायाधिवक्ताको कार्यालयसँग राय माग गरेको पत्रको प्रतिलिपी -पाना १

६. यसमा माथि लेखिएका व्यहोरा साँचो छ, झुट्ठा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला ।

लिखित जवाफ प्रस्तुतकर्ता
परशुराम खापुङ्ग
प्रदेश प्रमुख
कोशी प्रदेश, बिराटनगर

परशुराम खापुङ्ग
प्रदेश प्रमुख

ईति संवत् २०८० साल साउन ३१ गते रोज १ शुभम्

CamScanner